# "घ" वर्गको निर्माण व्यवसायी दर्ता सम्बन्धी कार्यविधि, २०७९

कार्यपालिकाबाट पारित मितिः २०७९।०३।३१

कार्यपालिकाको वैठकबाट प्रथम संशोधन मिति :-२०८०/०५/०१

स्थानीय स्तरको विकास निर्माणमा निजी क्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरिदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजी क्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को (छ) (१०) ले दिएको अधिकार प्रयोग गरी मालिका गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## (१) इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुनेः

प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

## (२) नयाँ इजाजतपत्र सम्वन्धी व्यवस्थाः

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची–१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस मालिका गाउँपालिकाको कार्यालयमा प्रमूख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमूख प्रशासकीय अधिकृतले अनुसूची–५ वमोजिमको योग्यता भए/नभएको सम्वन्धमा सिभिल ईन्जिनीयर, सव ईन्जिनीयर सहित सदस्य भएको समितिवाट जाँचवुझ गराउनु पर्नेछ ।

(३) दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयका लागि कार्यपालिकाको वैठकमा पेश गर्नुपर्ने छ ।

(४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्युनतम योगयता पुगेका निर्माण व्यवसायी फर्म।कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय वमोजिम गाउँपालिकाको प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र बापत अनुसूची–२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची–३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

****(२क) ईजाजत प्राप्त निर्माण कम्पनीको ठाउँसारी सम्बन्धमा :-**

(१) नेपाल भित्रका अन्यत्र स्थानीय तह, जिल्ला वा प्रदेशमा दर्ता भई इजाजत प्राप्त घ वर्गका निर्माण व्यवसायीले मालिका गाउँपालिकामा ठाउँसारी गर्न चाहेमा ठाउँसारीको लागि निर्माण कंपनीको दर्ता प्रमाण पत्रको प्रतिलिपी सहित निवेदन पेश गर्नु पर्नेछ।

(२) आवश्यक कागजात सहित निवेदन प्राप्त हुन आएमा सम्बन्धित शाखाले आफ्नो राय सहित गाउँ कार्यपालिकाको वैठकमा पेश गर्नुपर्नेछ।

(३) गाउँ कार्यपालिकाको वैठकले आवश्यक सवै कागजातका सम्बन्धमा छलफल गरी ठाउँ सारीको लागि अनुमति दिने निर्णय गरेपश्चात ठाउँसारीको लागि माग भए अनुसारको सिफारिस उपलब्ध गराउनु पर्नेछ।

(४) यसरी ठाउँसारीको लागि सिफारिस पश्चात आवश्यक कागजात सहित निर्माण व्यवसायी उपस्थित भएमा ठाउँसारीका लागि प्राप्त कागजात संलग्न गरी रु. १५०००/- राजश्व रकम लिई ठाउँसारी गरी अनुसूची -३ बमोजिमको प्रमाण पत्र उपलब्ध गराउनु पर्नेछ।

**(३) इजाजतपत्रको अवधि र नवीकरणः**

(१) दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक चालु आर्थिक वर्षको अन्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्र्त्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय।प्रदेश।स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित सम्वन्धित गाउँपालिकावाट अनुसूची–२ वमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ । इजाजत पत्र नविकरण गर्न गाउँपालिकामा कागजात पेश गर्दा अनुसूची–४ वमोजिमको पास वुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ । यसरी अनुसूची–४ वमोजिमको पास वुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न गाउँपालिका वाध्य हुने छैन ।

** प्रथम संशोधन

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूची–२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरीदिनेछ ।

**४) इजाजतपत्रको खारेजीः**

(१) देहायको अवस्थामा गाउँपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछः

(क) झुठ्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुठ्ठाविवरण पेश गरको सम्वन्धित निकायवाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखि आएमा ।

२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ ।

(३) दफा ३ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा गाउँपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

**५) इजाजतपत्रको प्रतिलिपी दिने व्यवस्थाः**

कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूची–२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ ।

**६) प्रचलित कानून बमोजिम हुनेः**

यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**७) बचाउः**

यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

**अनुसूची-१**
**कार्यविधिको दफा २ को उपदफा १ संग सम्बन्धित**
**ईजाजतपत्रको लागि दिईने दरखास्त**
**विषयः- इजाजतपत्र पाउ भन्ने बारे ।**

दरखास्त वालाको फोटो

श्री ........................................................ म. न. पा /न .पा. / गा. पा .को कार्यालय,

यस ................................ कार्यालयको कार्यविधि ........................................ बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि ईजाजतपत्र पाउन निम्न विवरण निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१ दरखास्त पेश गर्ने फर्म वा कम्पनीको
नामः-
ठेगानाः-
पोष्ट बक्सः-
टेलिफोन नंः- फ्याक्स नंः- ईमेलः-

२ फर्म वा कम्पनीको प्रकृति
प्राईभेट लिमिटेड कम्पनी पब्लिक लिमिटेड कम्पनी
एकलौटी साझेदारी

३ सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिको
नाम थर :-
ठेगानाः- पोष्ट बक्स :-
टेलिफोन नं :- फ्याक्स नं :- ईमेलः-

४ फर्म वा कम्पनीको विवरण :-
दर्ता नंः- दर्ता मिति :-
अधिकृत पूजीः- जारी पूजीः-
दर्ता गर्ने कार्यलयको नाम र ठेगानाः-

५ ईजाजतपत्र लिन चाहेको वर्ग :-

६ समूहीकरण हुन चाहेको समूह :-

७आर्थिक श्रोतको विवरण

| | रकम | वित्तीय संस्था बैकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |

| | | |
|---|---|---|
| बचत खाता | | |
| | | |

उल्लेखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

८ कामदारको विवरण

क प्राविधिक

ख अप्राविधिक

ग अन्य

प्राविधिक कर्मचारीको Certificate को प्रतिलिपि मंजुरीनामा पेश गर्नु पर्ने छ ।

९ आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण

| सि नं | नाम तथा विवरण | दर्ता नं | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टव्य यस विवरण उल्लेखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात र उक्त मेशेनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्धारा प्रमाणित भएको हुनु पर्नेछ ।

१० यस अघि सम्पन्न गरेको कामको विवरण

| सि नं | निर्माण सम्बन्धी कामको प्रकृती | काम गरेको साल | रकम | ठेक्कादाता कार् | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

११ करचुक्ता गरेको प्रमाण कागजात

क

ख

ग

यस दरखास्त फारममा उल्लेखित सम्पूर्ण व्यहोरा ठीक साचो छ ।झुट्टा ठहरे कानून बमोजिम सहुला बुझाउला

निर्माण व्यवसायीको छाप

**दरखास्तवालाको** :

दस्तखत

मिति

द्रष्टव्य यस दरखास्त फारम साथ दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपि संलग्न गर्नु पर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।

**अनुसूची-२**

**कार्यविधिको दफा २ को उपदफा १ र दफा ३ को उपदफा ३ सँग सम्बन्धित**

| **क सं** | **निर्माण व्यवसायीको वर्ग** | **ईजाजतपत्र दस्तुर** | **ईजाजतपत्र नवीकरण दस्तुर** | **ईजाजतपत्र नविकरण थप दस्तुर** | **ईजाजतपत्र प्रतिलिपि दस्तुर** |
|---|---|---|---|---|---|
| १ | घ | आर्थिक ऐन अनुसार | आर्थिक ऐन अनुसार | आर्थिक ऐन अनुसार | रु ५०००।०० |

द्रष्टव्य घ वर्गको व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २० बमोजिमका दफा ३ को उपदफा २ बमोजिम म्यादभित्र ईजाजतपत्र नविकरण गराउदा ईजाजतपत्र नवीकरण थप दस्तुरको महलमा उल्लेखित दस्तुर मात्र तिर्नुपर्नेछ ।

अनुसूची - ३

# मालिका गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

अर्खावाङ्ग, गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

## निर्माण व्यवसायी इजाजतपत्र

**ईजाजतपत्र नं:** ..........................

**मितिः** .......................................

'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७९ को दफा २ को उपदफा ४ बमोजिम निर्माण व्यवसाय गर्न ................................................................................................................ स्थित कार्यालय भएको ................................................................................................................ फर्म वा कम्पनीलाई ईजाजतपत्र प्रदान गरिएको छ ।

**वर्ग:** **घ**

**ईजाजतपत्र**

**दिनेको:**

दस्तखत :-

नाम:-

पद:-

मिति:-

# नविकरण सम्बन्धी विवरण

| नविकरण गर्ने अधिकारी | नविकरण गरेको मिति | नविकरण बहाल रहने अवधि | नवीकरण दस्तूर भौचर नं र मिति | नविकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

## अनुसूची-४
## निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण

| क्र सं | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रमको नाम भएमा | शेयर | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण यदि भएमा | Variation को विवरण यदि भएमा | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क ठेक्का रकम | क नाम | क थप समय | Variation पछिको ContractAmount | क सम्पन्न रकम | क अन्तिम ठेक्का रकम | |
| | | | | | | | | | | | |
| | | | | | ख सम्झौता मिति | ख पद | क नाम | क Variation को निर्णय गर्ने पदाधिकारीको नाम | ख सम्पन्न मिति | ख सम्पन्न मिति | |
| | | | | | | | | | | | |
| | | | | | ठेक्का अवधि | ग हस्ताक्षर | ख पद | ग सम्पन्न | | | |
| | | | | | | | | | | | |
| | | | | | | घ छाप | ग हस्ताक्षर | ग हस्ताक्षर | घ नाम | घ नाम | |
| | | | | | | | | | | | |
| | | | | | | | घ निर्णय मिति | घ छाप | पद | पद | |
| | | | | | | | | | | | |
| | | | | | | | छाप | | हस्ताक्षर | हस्ताक्षर | |
| | | | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | छाप | छाप | |
| | | | | | | | | | | | |

**अनुसुची-५**

**घ वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता**

आर्थिक क्षमता प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

मुख्य जनशक्ति विवरण मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तिर्ण एक जना प्राविधिक कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनुपर्नेछ ।

मेशीन र उपकरण

क ट्रिपर वा ट्याक्टर वा ब्याक हो लोडर मध्ये कम्तिमा कुनै एक साधन वा दोश्रो पक्षसँग गरेको सम्झौता

ख मिक्सर एक थान

**ग प्रथम शंसोधनबाट हटाइएको

घ वाटर पम्प १ थान

ङ भाइब्रेटर १ थान

द्रष्टव्य

१ उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।

२ माथि उल्लेखित यान्त्रीक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ।

३ माथि उल्लेखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्नपाईने छैन ।

४ पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।